दफा ४ तथा अनुसूची-१ को भाग-२ संग सम्बन्धित

# स्थानीय राजपत्र

## मनहरी गाउँपालिकाबाट प्रकाशित

खण्ड : ८ संख्या : १३ स्वीकृत मिति: २०८१०३/०९

**भाग २**

**मनहरी गाउँपालिका**

**गाउँपालिका अधयक्षबाट प्रमाणित मिति : २०८१/०३/११**

## मनहरी गाउँपालिकाको एच.आई.भी. संक्रमित सहयोग सम्बन्धी मापदण्ड, २०८१

## मनहरी गाउँपालिका एच. आई. भी. संक्रमित सहयोग सम्बन्धी मापदण्ड, २०८१

यस गाउँपालिका क्षेत्र भित्र रहेका एच.आई.भी. संक्रमितहरुको पोषण,शैक्षिक र उपचार खर्च उपलब्ध गराई एचआईभी संक्रमितहरुको मानवअधिकार र स्वास्थ्य अधिकारको सुनिश्चतता गर्दै शैक्षिक निरन्तरताका लागि अभिभावकत्व प्रदान गर्न र संक्रमित व्यक्तिको उपचारमा सहयोग गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि मनहरी गाउँपालिकाले यो मापदण्ड बनाई जारी गरेको छ।

**१.संक्षिप्तनाम र प्रारम्भः**

(१)यस मापदण्डको नाम "मनहरी गाउँपालिकाका एच.आई.भी. संक्रमित सहयोग सम्बन्धी मापदण्ड '२०८१' रहेको छ।

(२) यो मापदण्ड राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषा:**

बिषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "मनहरी गाउँपालिका"भन्नाल मनहरी गाउँपालिकालाई सम्झनु पर्दछ।

(ख) "कार्यालय"भन्नाले मनहरी गाउँपालिकाका कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ग) "कार्यपालिका"भन्नाले मनहरी गाउँपालिका कार्यपालिका सम्झनु पर्दछ।

(घ) "मापदण्ड" भन्नाल मनहरी गाउँपालिकाका एच.आई.भी. संक्रमित सहयोग सम्बन्धी मापदण्ड,, २०८१"सम्झनु पर्दछ।

(ङ) "समिति"भन्नाले दफा ८(१) बमोजिम गठित समिति सम्झनु पर्दछ।

**३. कार्यविधिको उद्देश्य:**

(क) मनहरी गाउँपालिका क्षेत्र भित्रका एचआईभी संक्रमित र प्रभावित परिवारको सहयोगसगँ सम्बन्धित कार्यक्रमहरू प्रभावकारी रूपमा संचालन गर्ने।

(ख) मनहरी गाउँपालिका क्षेत्र भित्रका एचआईभी संक्रमित वालवालिकाहरुलाई पोषण र शैक्षिक सहयोग गर्ने।

(ग) एचआईभिसंक्रमित युवाहरुको उच्चशिक्षाको लागि र संक्रमित व्यक्तिहरुको उपचारमा सहयोग पुऱ्याउने।

(घ) संक्रमित र प्रभावित परिवारको क्षमता अभिवृद्धि गरी स्वावलम्वि बनाउने।

(ङ) गाउँपालिका क्षेत्र भित्र एचआईभि संक्रमितहरुको पुर्नस्थापनाको लागि कार्यरत सरोकारवाला निकायहरू विच समन्वय र सहकार्य सुदृढ गर्ने।

४.मापदण्डले समेटेका तथा व्यवस्था गर्ने सहयोग:

**गाउँपालिकाले एचआईभि संक्रमितहरुलाई देहाय वमोजिमको सहयोग उपलब्ध गराउनेछ ।**

(क) मनहरी गाउँपालिकाले संक्रमित र प्रभावित परिवारको मानवअधिकार र स्वास्थ्य अधिकारलाई उच्च प्राथिमिकता सहित योजना, बजेट विनियोजन र कार्यक्रमको प्रभावकारी कार्यन्वयन गर्ने र गराउने,

(ख) मनहरी गाउँपालिका भित्र रहेका संक्रमित र प्रभावित परिवारहरुको लागि शिपमूलक र आयमूलक तालिम संचालन गर्नु को साथै विऊपूजिँ उपलब्ध गराउने,

(ग) बालबालिकालाई पोषण तथा शैक्षिक सहयोग गर्ने,

(घ) एम्बुलेन्स भाडा तथाउपचारमा सहयोग गर्ने,

(ङ) संक्रमितहरूको जीवनयापन सवल र सरल बनाउन शिपमूलक र आयमूलक तालिम संचालन गर्ने र वीउ,पूँजी (Seed Moey) उपलब्ध गराउने

(च) यस कार्यको लागी मनहरी गाउँपालिकाले वा समन्वय समितीमार्फत अन्य सम्भावित सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्यबाट पनि सम्पन्न गर्न सकिने,

(छ) संक्रमित तथा प्रभावित युवाहरूको उच्च शिक्षाको लागि गाउँपालिकाले वा समन्वय समितीमार्फत अन्य सम्भावित सरकारी तथा गैर सरकारी निकायहरूसंग समन्वय र सहकार्य व्यवस्था गर्ने,

(ज) एचआईभी संक्रमितको लागी सामुदायक हेरचाह केन्द्रमा एआरटि औषधिउपचार गर्न एवं एआरटि औषधि लिन जानको लागी बाटो खर्च आदिको व्यबस्थापन/उपलब्ध गराउने,

(झ) मनहरी गाउँपालिका /अन्तरगत रही एचआईभी, एड्स तथा स्वास्थ्य सम्वन्धि अभिमुखिकरण कार्यक्रमहरु संचालन गर्ने,

५. पोषण तथा शैक्षिक सहयोग प्राप्त गर्ने विधि:-

(१) यस मापदण्ड वमोजिमको सहयोग मनहरी गाउँपालिकाका क्षेत्र भित्र बसोबास गर्ने एचआईभि संक्रमितहरुलाई मात्र प्रदान गरीनेछ ।

(क) १८ वर्ष मुनिका एचआईभी संक्रमित बालबालिकाहरु त्था एकलमहिलाहरुलाई पोषण सहयोग बापत बालबालिकाको हकमा मासिक दुई हजार रुपैंया मात्र (रु.२०००/-)उपलब्ध गराइने छ र एचआईभी संक्रमित एकल महिलाको हकमा मासिक तिनहजार रुपैंया मात्र (रु ३०००/-)उपलब्ध गराइनेछ ।

(ख) १८ वर्ष माथिका एचआईभि संक्रमित विद्यार्थीहरुलाई तथा एचआईभि संक्रमितका प्रभावित विद्यार्थीहरुलाई शैक्षिक सहयोग वापत एक शैक्षिक शत्रमा बाह्र हजार रुपैंया (१२०००/-) सम्मको सहयोग समितिको सिफारिसमा मनहरी गाउँपालिकाले रकम उपलब्ध गराउन सक्नेछ ।

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

(२) लाभग्राहीले उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम सुविधा लिनका लागि नागरिकता, बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्र, अभिभावकको नागरिकता, विद्यार्थीको हकमा सम्बन्धित शिक्षण संस्थाबाट अध्ययनरत रहेको प्रमाणित पत्र र सम्बन्धित वडा कार्यालयको आर्थिक विपन्न भएको सिफारिस मनहरी गाउँपालिकामा पेश गर्नुपर्ने छ ।

६. **एम्बुलेन्स भाडा तथा उपचार सहयोग प्राप्त गर्ने विधि :**

(१) एच.आई.भी. संक्रमितलाई उपचारको क्रममा स्थानीय स्तरमा उपचार हुन नसकी अन्यत्र बाहिर लैजान अस्पतालले रेफर गर्दा एम्बुलेन्स आवश्यक परेमा बिल बमोजिमको एम्बुलेन्स भाडा उपलब्ध गराइने छ ।

(२) सरकारी अस्पतालको चिकित्सकको प्रेस्क्रिप्सन अनुसारको औषधी खरिद तथा परिक्षण (बिमा भित्र नसमेटिएका र ए.आर.टी. केन्द्रबाट पाइने सेवा बाहेकको गराउदा उपचार गर्दा लागेको बिल बमोजिमको सोधभर्ना भुक्तानी कार्यालयले गर्नेछ ।

(३) उपदफा(१) र (२) अनुसारको रकम सोधभर्ना लिन प्रेस्किप्सन र बील सहितको निवेदन कार्यालयमा पेश गर्नु पर्नेछ । कार्यालयले गाउँपालिका स्तरको एचआईभि एड्स समन्वय समितिमा आवश्यक छलफल र छानविन गरी सिफारीस गरेको आधारमा कार्यालयले भुक्तानी गर्नेछ ।

७. **बिऊ पूँजी प्राप्त गर्ने विधि:**

(१) संक्रमित व्यक्तिले आयआर्जनका लागि सञ्चालन गर्न खोजे बमोजिमको कृषी उत्पादन, स-साना व्यवसाय, पसल उद्यमको विस्तृत विवरण सहित समिति समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) निवेदन प्राप्त भए पछि समितिले संक्रमित व्यक्तिको शीप र तालिमलाई समेत आधार मानी बढीमा रु पचास हजार रुपैयाँ (५०,०००/-) सम्मको बिऊ-पूँजी स्वरुप उपलब्ध गराउनेछ ।

(३) समितिले उद्यमको विस्तृत विवरण अध्ययन गरी औचित्य पुष्टी हुन आएमा पचास हजार रुपैयाँ (रु.५०,०००/-) भन्दा बढी बिऊ-पूँजी उपलब्ध गराउनु पर्ने देखिएमा कार्यान्वयनका लागि कार्यपालिकामा सिफारिस गरिनेछ ।

(४) उपदफा (३) अनुसारको सिफारिसमा कार्यपालिकाले निर्णयगरे बमोजिम बिऊ-पूँजी उपलब्ध गराइनेछ।

८. **सामुदायक हेरचाह केन्द्र व्यबस्थापन गर्ने विधि :**

(१) एचआईभी संक्रमितको लागी सामुदायक हेरचाह केन्द्रमा पन्ध्र दिनसम्म औषधि उपचार प्रयोग गर्नका लागी दश शैयाको बस्ने व्यवस्था गर्ने । खाना, औषधि उपचार तथा यातायात लागाएतका

खर्चहरु सामुदायक हेरचाह केन्द्र संचालकबाट नै संचालन गर्ने व्यबस्था मिलाउने,उपदफा अनुसारको रकम सोधभर्ना लिन खाद्यान्नया लाथा तखर्चको भरपाई प्रेस्किप्सन र बील सहितको निवेदन कार्यालयमा पेश गरिनु पर्नेछ। कार्यालयले गाउँपालिका स्तरको एचआईभि तथा एडस समन्वय समितिमा आवश्यक छलफल र छानविन गरी सिफारीस गरेको आधारमा कार्यालयले भुक्तानी गर्नेछ।

९) समन्वय समितिः

(१) यस मापदण्डको कार्यान्वयनमा सहजीकरण एंव समन्वय गर्न देहाय वमोजिमको गाउँपालिका स्तरीय एचआईभी.तथा एड्स समन्वय समिति गठन गरिने ।

(क) सामाजिक विकास शाखा प्रमुख ------------------------- संयोजक

(ख) महिला तथा बालबालिका विकास शाखा प्रमुख ------------ सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख -------------------------------- सदस्य

(घ) पालिका प्रमुखबाट मनोनित एचआईभी संक्रमित संस्थाका ३ जना प्रतिनिधि (१ जना महिला सहित) ---- सदस्य (एच.आईभी.संक्रमित महिलाहरुको राष्ट्रिय महासंघ (NFWLHA) ,राष्ट्रिय एचआईभी तथा एड्स माहासघं नेपाल, मकवानपुर पोजेटिप समुह र मकवानपुर महिला समुह)

(ङ) एच.आई.भी./एड्स क्षेत्रमा कार्यरत संघ संस्थाका तीन जना आमन्त्रण------------सदस्य (१/१ जना महिला सहित)

(च) आयुर्वेद तथा जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख ----------------------------------- सदस्य

(छ) समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिने छ।

१०. भुक्तानी विधी :

(१) दफा ५ को उपदफा (२) बमोजिमको कागजात सहितको विवरण गाउँपालिका स्तरको (एचआई.भी/ एड्स) समन्वय समितिमा प्राप्त भए पछि समितिले आवश्यक छानबिन गरि लाभग्राहीको रुपमा सिफारीस गर्नेछ।

(२) समन्वय समितिको सिफारिसको आधारमा कार्यालयबाट निर्णय गराई लाभग्राहीको हैसियतमा सहयोग रकम उपलब्ध गराइनेछ।

(३) उपचार खर्च र एम्बुलेन्स भाडा रकमको हकमा समन्वय समितिको सिफारिस वमोजिम कार्यालयबाट भुक्तानी गरिनेछ।

(४) पोषण तथा शैक्षिक सहयोग वापतको रकम सेवाग्राहीहरुलाई बैंक मार्फत भुक्तानी गरिनेछ ।

(५) यस मापदण्डमा उल्लेख भए बमोजिमका सेवा सुविधा प्राप्त गर्न तोकिएका कागजातको अलावा अस्पतालले एचआईभि संक्रमित प्रमाणित गरेको पत्र पेश गर्नु पर्नेछ ।

११. मापदण्डको व्याख्या :- यो मापदण्डको अन्तिम व्याख्या गर्ने अधिकार कार्यपालिका मानिहित रहने छ।

१२. समन्वय र सहकार्य सुदृढ गर्नेः समितीले गाउँपालिकामा रहेका सरोकारवालाहरूसँग नियमित समन्वय र सहकार्य मार्फत मापदण्डले समेटेका कार्यक्रमहरू संचालन गर्न गराउन पहल गर्ने छ ।

१३. खारेजी र बचाउः- मनहरी गाउँपालिका एच.आई.भी. संक्रमित सहयोग सम्बन्धी पुरानो मापदण्ड, खारेजी गरीएको खण्डमा सो मापदण्ड बमोजिम भए गरेका कार्यहरु नयाँ मापदण्ड बमोजिम भए गरेको मानीने छ ।

१४. थपघट तथा हेरफेरः मनहरी गाउँपालिकाको आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्यनजर गरी कार्यपालिकाले प्रचलित कानूनसँग नबाझिने गरी यस मापदण्डमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

रन्जन कालाखेती

अध्यक्ष

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रञ्जन कालाखेती
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत